डोल्पो बुद्ध गाउँपालिका
Dolpo Buddha Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
धो, डोल्पा
कर्णाली प्रदेश, नेपाल

प.सं. २०८३।८४
च.नं

कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

(पहिलो पटक सूचना प्रकाशित मितिः २०८३/०४/२०)

डोल्पो बुद्ध गाउँपालिकाको करार प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७५ एवं आर्थिक वर्ष २०८३/८४ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फ सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन,२०८३ अनुसार स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अनुसार "म स्वास्थ,मेरो समुदाय स्वास्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम" का लागि देहायको संख्या र योग्यता भएका कर्मचारी करार सेवामा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले दोस्रो पटक यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट) कार्यालय समयमा राजस्व तिरेको रसिदसहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.स.	विज्ञापन नं.	पद	तह	सेवा	समूह	माग सङ्ख्या
१	१/२०८३/८४	जनस्वास्थ्य अधिकृत	सातौं	स्वास्थ्य	हेल्थ इन्सपेक्सन	१ (एक)

क) जनस्वास्थ्य अधिकृतका लागि शैक्षिक योग्यता र अनुभव

१. नेपाली नागरिक,

२. न्यूनतम योग्यता (नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट) जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता वा नविकरण भएको हुनुपर्ने,

३. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने,

४. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको,

५. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुदार नठहरिएको,

(ख) सेवा, सुविधाः - नियमानुसार,

(ग) परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता,

(घ) दरखास्त पाइने स्थानः डोल्पो बुद्ध गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, (प्रशासन शाखा) डोल्पा,

(ङ) दरखास्त दिने अन्तिम मितिः २०८३/०५/०३ गते,

(च) दरखास्त दस्तुरः रु ११००।

(छ) आवेदनका साथ थप संलग्न कागजातहरूः आवेदकले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिहरुः-

१. नेपाली नागरिकता, २. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, ३. २ (दुई) प्रति पासपोर्ट साइजको फोटो,

(ज) परीक्षा सञ्चालन मिति र स्थानः सूचना मार्फत जानकारी गराइनेछ।

नोटः थप जानकारीका लागि डोल्पो बुद्ध, गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ ।

मन बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत